नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

मिति :- २०८१/०२/२१

## चिकित्सा शिक्षा DM/MCh/NBMS-SS शैक्षिक कार्यक्रमको एकीकृत प्रवेश परीक्षाको अनलाइन आवेदन फाराम आह्वान तथा परीक्षासम्बन्धी सूचना

चिकित्सा शिक्षा DM/MCh/NBMS-SS (MECEE-DM/MCh 2024) का विभिन्न शैक्षिक कार्यक्रमहरूका लागि विद्यार्थी छनौट गर्न सञ्चालन गरिने एकीकृत प्रवेश परीक्षामा सहभागी हुन इच्छुक योग्यता पुगेका उम्मेदवारहरूबाट मिति २०८१ जेठ २२ गते बिहान १०:०० बजेदेखि २०८१ असार ३ गते सोमबार अपरान्ह ५:०० बजेसम्म आयोगको अनलाइन दरखास्त प्रणाली https://entrance.mec.gov.np मार्फत अनलाइन आवेदन फाराम पेश (online application form submission) गर्न आह्वान गरिएको छ ।

१. प्रवेश परीक्षा सञ्चालन हुने कार्यक्रम, न्यूनतम योग्यता, परीक्षा सञ्चालन मिति र समयः

**परीक्षा सञ्चालन हुने मिति : २०८१/०३/२२ गते, शनिवार**

| S.N. | Program | Minimum Qualification | Exam Time |
|---|---|---|---|
| 1. | DM Medical Specialties[1] | – MD Internal Medicine or equivalent and<br>– Specialty Registration in Medical Council of respective country. | समयः बिहान ९:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म |
| 2. | DM Emergency Medicine[1] | – MD in General Practice and Emergency Medicine or equivalent or<br>– MD Emergency Medicine and<br>– Specialty Registration in Medical Council of respective country. | |
| 3. | DM Neonatology[1] | – MD Pediatrics or equivalent or<br>– MD Neonatology and<br>– Specialty Registration in Medical Council of respective country. | |
| 4. | DM Critical Care Medicine[1] | – MD Anesthesiology or equivalent or<br>– MD Internal Medicine or equivalent or<br>– MD Critical Care Medicine and<br>– Specialty Registration in Medical Council of respective country. | समयः दिउँसो १:३० बजेदेखि अपरान्ह ४:३० बजेसम्म |
| 5. | MCh Surgical Specialties[1] | – MS General Surgery or equivalent and<br>– Specialty Registration in Medical Council of respective country. | |
| 6. | NBMS-SS Gynae-Oncology | – MD Gynaecology and Obstetrics or equivalent<br>– Specialty Registration in Medical Council of respective country. | |

नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

## (परीक्षा नियन्त्रण कार्यालय)

०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

[1] Specialty विषयमा MD (जस्तैः- MD Cardiology, MD Nephrology आदि) र MS (जस्तै :- MS Urology, MS Neurosurgery आदि) गरेका उम्मेदवारहरू सम्बन्धित विषयको DM/MCh/NBMS-SS शैक्षिक कार्यक्रमका लागि मात्र फाराम भर्न योग्य हुनेछन् । MD Radiation Oncology गरेका उम्मेदवारले DM Medical Oncology मा आवेदन गर्न सक्नेछन् ।

### २. DM, MCh र NBMS-SS का लागि निर्धारित सिट विवरणः

**(A). DM/MCh**

| S.N. | Program/Institution | University /Academy | Type | Seats | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | Total | Open | Government | Foreign |
| **A. DM Cardiology** | | | | | | | |
| 1 | B.P. Koirala Institute of Health Sciences, Dharan | BPKIHS | Public | 1 | 1 | | |
| 2 | Chitwan Medical College, Chitawan | TU | Private | 1 | 1 | | |
| 3 | College of Medical Sciences Teaching Hospital, Chitawan | KU | Private(FI) | 1 | 1 | | |
| 4 | KU School of Medical Sciences, Dhulikhel | KU | Private | 2 | 2 | | |
| 5 | Manipal College of Medical Sciences, Pokhara | KU | Private(FI) | 2 | 1 | | 1 |
| 6 | Maharajgunj Medical Campus, Maharajgunj | TU | Public | 3 | 1 | 1 | 1 |
| 7 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 4 | 2 | 1 | 1 |
| 8 | National Medical College, Birgunj | TU | Private | 1 | 1 | | |
| 9 | Nobel Medical College Teaching Hospital, Biratnagar | KU | Private | 2 | 2 | | |
| 10 | Kathmandu Medical College, Sinamangal | KU | Private | 1 | 1 | | |
| 11 | Nepalese Army Institute of Health Sciences | TU | Public | 1 | 1 | | |
| **B. DM Critical Care Medicine** | | | | | | | |
| 1 | Chitwan Medical College, Chitawan | TU | Private | 1 | 1 | | |
| 2 | College of Medical Sciences Teaching Hospital, Chitawan | KU | Private(FI) | 1 | 1 | | |
| 3 | Kathmandu Medical College, Sinamangal | KU | Private | 1 | 1 | | |
| 4 | Maharajgunj Medical Campus, Maharajgunj | TU | Public | 3 | 1 | 1 | 1 |
| 5 | Nepal Medical College, Jorpati | KU | Private | 1 | 1 | | |
| 6 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 2 | 1 | 1 | |
| 7 | Nepalese Army Institute of Health Sciences | TU | Public | 1 | 1 | | |

नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६

एक्स्टेन्सन : ६३३, ६३४, ६३५

वेबसाइट : www.mec.gov.np

इमेल: entrance@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-

चलानी नं. :-

| S.N. | Program/Institution | University /Academy | Type | Seats | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | Total | Open | Government | Foreign |
| **C. DM Emergency Medicine** | | | | | | | |
| 1 | Chitwan Medical College, Chitawan | TU | Private | 1 | 1 | | |
| 2 | Maharajgunj Medical Campus Maharajgunj | TU | Public | 1 | | 1 | |
| 3 | KIST Medical College, Gwarko | TU | Private | 1 | 1 | | |
| **D. DM Endocrinology** | | | | | | | |
| 1 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 1 | 1 | | |
| **E. DM Hepatology** | | | | | | | |
| 1 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 2 | 1 | 1 | |
| **F. DM Medical Gastroenterology** | | | | | | | |
| 1 | B.P. Koirala Institute of Health Sciences, Dharan | BPKIHS | Public | 1 | 1 | | |
| 2 | Chitwan Medical College, Chitawan | TU | Private | 1 | 1 | | |
| 3 | College of Medical Sciences Teaching Hospital, Chitawan | KU | Private(FI) | 1 | 1 | | |
| 4 | Maharajgunj Medical Campus, Maharajgunj | TU | Public | 1 | 1 | | |
| 5 | Manipal College of Medical Sciences, Pokhara | KU | Private(FI) | 1 | 1 | | |
| 6 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 2 | 1 | 1 | |
| 7 | Nobel Medical College Teaching Hospital, Biratnagar | KU | Private | 1 | 1 | | |
| **G. DM Medical Haematology** | | | | | | | |
| 1 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 1 | 1 | | |
| **H. DM Medical Oncology** | | | | | | | |
| 1 | B.P. Koirala Institute of Health Sciences, Dharan | BPKIHS | Public | 1 | 1 | | |
| **I. DM Neonatology** | | | | | | | |
| 1 | B.P. Koirala Institute of Health Sciences, Dharan | BPKIHS | Public | 2 | | 1 | 1 |
| 2 | College of Medical Sciences Teaching Hospital, Chitawan | KU | Private(FI) | 1 | 1 | | |
| 3 | Kathmandu Medical College, Sinamangal | KU | Private | 1 | 1 | | |
| 4 | KU School of Medical Sciences, Dhulikhel | KU | Private | 1 | 1 | | |
| 5 | Nobel Medical College Teaching Hospital, Biratnagar | KU | Private | 1 | 1 | | |

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

| S.N. | Program/Institution | University /Academy | Type | Seats | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | Total | Open | Government | Foreign |
| 6 | Nepalgunj medical college, Kohalpur | KU | Private | 1 | 1 | | |
| **J. DM Nephrology** | | | | | | | |
| 1 | College of Medical Sciences Teaching Hospital, Chitawan | KU | Private(FI) | 1 | 1 | | |
| 2 | Kathmandu Medical College, Sinamangal | KU | Private | 1 | 1 | | |
| 3 | Maharajgunj Medical Campus, Maharajgunj | TU | Public | 2 | 1 | 1 | |
| 4 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 2 | 1 | | 1 |
| 5 | Nepal Medical College, Jorpati | KU | Private | 1 | 1 | | |
| 6 | Manipal College of Medical Sciences, Pokhara | KU | Private(FI) | 1 | 1 | | |
| **K. DM Neurology** | | | | | | | |
| 1 | College of Medical Sciences Teaching Hospital, Chitawan | KU | Private(FI) | 1 | 1 | | |
| 2 | Maharajgunj Medical Campus, Maharajgunj | TU | Public | 2 | 1 | 1 | |
| 3 | Nobel Medical College Teaching Hospital, Biratnagar | KU | Private | 1 | 1 | | |
| **L. DM Pulmonology** | | | | | | | |
| 1 | B.P. Koirala Institute of Health Sciences, Dharan | BPKIHS | Public | 2 | 1 | 1 | |
| 2 | Chitwan Medical College, Chitawan | TU | Private | 1 | 1 | | |
| 3 | Kathmandu Medical College, Sinamangal | KU | Private | 1 | 1 | | |
| 4 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 2 | 1 | | 1 |
| 5 | Nobel Medical College Teaching Hospital, Biratnagar | KU | Private | 1 | 1 | | |
| **M. Diabetology and Metabolic Disorder** | | | | | | | |
| 1 | College of Medical Sciences Teaching Hospital, Chitawan | KU | Private(FI) | 2 | 1 | | 1 |
| **N. MCh Cardio Thoracic and Vascular Surgery** | | | | | | | |
| 1 | B.P. Koirala Institute of Health Sciences, Dharan | BPKIHS | Public | 1 | | 1 | |
| 2 | Maharajgunj Medical Campus, Maharajgunj | TU | Public | 2 | 1 | | 1 |
| 3 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 2 | 2 | | |
| **O. MCh GI Surgery** | | | | | | | |
| 1 | B.P. Koirala Institute of Health Sciences, Dharan | BPKIHS | Public | 1 | 1 | | |

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

| S.N. | Program/Institution | University /Academy | Type | Seats | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | Total | Open | Government | Foreign |
| 2 | Chitwan Medical College, Chitawan | TU | Private | 1 | 1 | | |
| 3 | College of Medical Sciences Teaching Hospital, Chitawan | KU | Private(FI) | 2 | 1 | | 1 |
| 4 | Kathmandu Medical College, Sinamangal | KU | Private | 1 | 1 | | |
| 5 | KU School of Medical Sciences, Dhulikhel | KU | Private | 1 | 1 | | |
| 6 | Maharajgunj Medical Campus, Maharajgunj | TU | Public | 2 | 1 | 1 | |
| 7 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 2 | 1 | 1 | |
| 8 | Nepal Medical College, Jorpati | KU | Private | 1 | 1 | | |
| 9 | KIST Medical College, Gwarko | TU | Private | 1 | 1 | | |
| **P. MCh Neurosurgery** | | | | | | | |
| 1 | Chitwan Medical College, Chitawan | TU | Private | 1 | 1 | | |
| 2 | College of Medical Sciences Teaching Hospital, Chitawan | KU | Private(FI) | 1 | 1 | | |
| 3 | Kathmandu Medical College, Sinamangal | KU | Private | 2 | 2 | | |
| 4 | Maharajgunj Medical Campus, Maharajgunj | TU | Public | 2 | 1 | 1 | |
| 5 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 2 | 1 | 1 | |
| 6 | Nobel Medical College Teaching Hospital, Biratnagar | KU | Private | 1 | 1 | | |
| **Q. MCh Pediatric Surgery** | | | | | | | |
| 1 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 1 | | 1 | |
| 2 | Maharajgunj Medical Campus, Maharajgunj | TU | Public | 1 | 1 | | |
| **R. MCh Plastic Surgery** | | | | | | | |
| 1 | Maharajgunj Medical Campus, Maharajgunj | TU | Public | 2 | 1 | 1 | |
| 2 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 2 | 1 | | 1 |
| **S. MCh Urology** | | | | | | | |
| 1 | Chitwan Medical College, Chitawan | TU | Private | 1 | 1 | | |
| 2 | College of Medical Sciences Teaching Hospital, Chitawan | KU | Private(FI) | 1 | 1 | | |
| 3 | Kathmandu Medical College, Sinamangal | KU | Private | 1 | 1 | | |

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६

एक्स्टेन्सन : ६३३, ६३४, ६३५

वेबसाइट : www.mec.gov.np

इमेल: entrance@mec.gov.np

सानोठिमी, भक्तपुर ।


पत्र संख्या :-

चलानी नं. :-

| S.N. | Program/Institution | University /Academy | Type | Seats | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | Total | Open | Government | Foreign |
| 4 | Maharajgunj Medical Campus, Maharajgunj | TU | Public | 2 | 1 | 1 | |
| 5 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 2 | 1 | 1 | |
| 6 | Nepal Medical College, Jorpati | KU | Private | 1 | 1 | | |
| 7 | Nobel Medical College Teaching Hospital, Biratnagar | KU | Private | 1 | 1 | | |
| 8 | KIST Medical College, Gwarko | TU | Private | 1 | 1 | | |
| 9 | Nepalese Army Institute of Health Sciences | TU | Public | 1 | 1 | | |

**(B). NBMS-SS Programs**

| S.N. | Institution | Programs | Seats |
|---|---|---|---|
| 1 | Upendra Devkota Memorial National Institute of Neurological & Allied sciences | Neurosurgery | 1 |
| | Upendra Devkota Memorial National Institute of Neurological & Allied sciences | Neurology | 1 |
| 2 | Nepal Medicti Hospital Bhaisepati Lalitpur | GI Surgery | 2 |
| | Nepal Medicti Hospital Bhaisepati Lalitpur | Urology | 1 |
| | Nepal Medicti Hospital Bhaisepati Lalitpur | Neurosurgery | 1 |
| | Nepal Medicti Hospital Bhaisepati Lalitpur | Gastroenterology | 1 |
| 3 | Hospital for Advanced Medicine & Surgery (HAMS) | Critical Care Medicine | 1 |
| | Hospital for Advanced Medicine & Surgery (HAMS) | Cardiology | 1 |
| 4 | BP Koirala Memorial Cancer Hospital Bharatpur chitawan | Surgical Oncology (Genito Urinary) | 1 |
| | BP Koirala Memorial Cancer Hospital Bharatpur chitawan | Surgical Oncology (Thoracic) | 1 |
| | BP Koirala Memorial Cancer Hospital Bharatpur chitawan | Gynecological Oncology | 1 |
| 5 | Grande International Hospital Dhapasi Kathmandu | Critical Care Medicine | 1 |

३. आवेदन शुल्क:

| | |
|---|---|
| आवेदन शुल्क | नेपाली आवेदकका लागि रु. ५,०००/-<br>विदेशी आवेदकका लागि रु. ८,०००/- |
| शुल्क दाखिला गर्ने बैङ्क | हिमालयन बैङ्क लिमिटेड (Himalayan Bank Limited) |

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

| | |
|---|---|
| बैङ्क खाता नम्बर | ०४३०८९३१६७००१७ (04308931670017)<br>SWIFT Code: HIMANPKA |
| शुल्क जम्मा गर्न सकिने सेवा प्रदायकहरू | हिमालयन बैङ्क लिमिटेडका शाखाहरू, ConnectIPS, eSewa, Khalti, (अनलाइन माध्यमबाट शुल्क जम्मा गर्दा आयोगको फाराम भर्ने वेबपोर्टलबाट मात्र गर्नु पर्नेछ, आयोगको खातामा रकम सिधै **transfer** गर्नुहुँदैन) । |
| खातावालाको नाम | चिकित्सा शिक्षा आयोग, सानोठिमी (Medical Education Commission, Sanothimi) |

बैङ्कमा रकम बुझाई (Counter Payment मार्फत) आवेदन शुल्क भुक्तानी गर्ने आवेदकले प्रत्येक शैक्षिक कार्यक्रमका लागि हिमालयन बैङ्कमा अलग अलग भौचर भरी रकम बुझाउनुपर्नेछ । एउटै भौचरबाट एकभन्दा बढी शैक्षिक कार्यक्रमको आवेदन शुल्क भुक्तानी गर्नु हुँदैन । आवेदन शुल्क बुझाई सकेपछि फिर्ता हुनेछैन ।

४. विदेशी विद्यार्थीको आवेदनसम्बन्धी:

(१) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा अध्ययन गर्न इच्छुक योग्यता पुगेका विदेशी उम्मेदवारहरूले समेत यसै सूचनामा उल्लिखित समयसिमाभित्र आफूले रोजेको शैक्षिक कार्यक्रम उल्लेख गरी अनिवार्य रूपमा अनलाइन आवेदन फाराम भर्नुपर्नेछ ।

(२) विदेशी विद्यार्थीका लागि अङ्ग्रेजी भाषामा आयोगको वेबसाइटमा अलग्गै विस्तृत सूचना प्रकाशित गरिएको छ ।

५. प्रवेश परीक्षाको किसिम, समय, पूर्णाङ्क र उत्तीर्णाङ्कसम्बन्धी व्यवस्था:

(१) प्रवेश परीक्षा कम्प्यूटर प्रणालीमा आधारित हुनेछ ।

(२) परीक्षा समयावधि तीन घण्टा र पूर्णाङ्क २०० हुनेछ ।

(३) प्रत्येक सही उत्तरका लागि एक अङ्क प्राप्त हुनेछ र गलत उत्तरका लागि ०.२५ का दरले अङ्क घटाइने छ ।

(४) एकीकृत प्रवेश परीक्षाको योग्यताक्रममा समावेश हुनका लागि न्यूनतम ५० औं पर्सेन्टाइल वा सोभन्दा माथि रहेको हुनुपर्नेछ ।

(५) बुँदा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपलब्ध सिट सङ्ख्याको दोब्बरभन्दा कम परीक्षार्थी परीक्षामा उपस्थित भएको अवस्थामा उक्त शैक्षिक कार्यक्रमका लागि ५०% वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रममा सामेल गर्न बाधा पर्ने छैन ।

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

६. अध्ययन अनुमति तथा सिफारिसः

(१) सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अध्ययन अनुमति पत्र/पूर्व स्वीकृति पत्र लिई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(२) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) को नियम १७ उपनियम (१) बमोजिम सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मी भन्नाले प्रचलित कानून बमोजिम गठन भएको नेपाल स्वास्थ्य सेवाको स्थायी पदमा कार्यरत, सैनिक प्राविधिक सेवाको सैनिक स्वास्थ्य समूह, प्रहरी सेवाको प्राविधिक प्रहरी समूह अन्तर्गतको स्वास्थ्य उपसमुह वा सशस्त्र प्रहरी सेवाको प्राविधिक समूह अन्तर्गतको स्वास्थ्य उपसमूहको स्थायी पदमा कार्यरत, सरकारी विश्वविद्यालय वा प्रचलित कानून बमोजिम स्थापित प्रतिष्ठानको स्थायी पदमा स्थायी रुपमा कार्यरत, विकास समिति ऐन, २०१३ बमोजिम गठित संस्थाको स्थायी पदमा लोकसेवा आयोगले निर्धारण गरेको प्रक्रिया पूरा गरी नियुक्ति पाई स्थायी रुपले कार्यरत वा नेपाल स्वास्थ्य सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भई वा प्रदेश लोकसेवा आयोगबाट स्थायी नियुक्ति पाई प्रदेश सरकार वा स्थानीय तहको स्थायी पदमा कार्यरत स्वास्थ्यकर्मी सम्झनुपर्छ ।

(३) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) नियम १६ उपनियम (१) बमोजिम अनुभव र दुर्गम क्षेत्रको काम गरेको प्रमाणित कागजात पेश गर्दा सम्बन्धित काउन्सिलमा नाम दर्ता भएपश्चातको विवरण मात्र पेश गर्नुपर्दछ र अनुभव पेश गरेको स्वास्थ्य संस्थाको संघीय संरचना अनुसारको पूरा ठेगाना र भौगोलिक क्षेत्र खुलेको विवरण उल्लेख भएको हुनुपर्नेछ ।

(४) बिरामी, घाइते वा अपाङ्गता भएका व्यक्तिले आवश्यक अन्य सिफारिसको अतिरिक्त नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्राप्त चिकित्सकबाट निज उम्मेदवार सो विषय अध्ययन गर्न सक्षम भएको व्यहोरा सहितको सिफारिसपत्र अनलाइन आवेदन भर्दा नै पेश गर्नुपर्नेछ ।

७. आवश्यक प्रमाणपत्र र कागजातः

आवेदन फाराम भर्दा उम्मेदवारले देहायका प्रमाणपत्र/कागजातहरूको सक्कलप्रतिको स्क्यान/फोटो पेश गर्नुपर्नेछ । फोटोकपीको स्क्यानप्रति/फोटोलाई मान्यता दिइने छैन ।

(१) आवेदन शुल्क बुझाएको भौचरको कारोबार नम्बर (transaction number- TRN) को अन्तिम छ ओटा डिजिट तोकिएको स्थानमा उल्लेख गर्नुपर्ने (नगदै जम्मा गर्नेको हकमा) ।

(२) उम्मेदवारको हालसालै खिचिएको पासपोर्ट साइजको फोटोको डिजिटलप्रति ।

(३) नेपाली उम्मेदवारको हकमा नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचय पत्र तथा विदेशी उम्मेदवारको हकमा राहदानी वा इ-आधारकार्डको स्क्यानप्रति/फोटो ।

(४) नेपाली आवेदकको हकमा स्वदेशमा अध्ययन गरेको भए स्नातकोत्तर तहको ट्रान्सक्रिप्ट र प्रमाणपत्र तथा विदेशी बोर्ड/विश्वविद्यालयमा अध्ययन गरेको भएमा ट्रान्सक्रिप्ट, प्रमाणपत्र र समकक्षता प्रमाणपत्रको स्क्यानप्रति/फोटो ।

(५) विदेशी आवेदकको हकमा ट्रान्सक्रिप्ट र प्रमाणपत्रको स्क्यानप्रति/फोटो ।

(६) नेपाली आवेदकको हकमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भई म्याद कायम रहेको विशेषज्ञताको प्रमाणपत्रको स्क्यानप्रति/फोटो र विदेशी आवेदकको हकमा सम्बन्धित देशको मेडिकल काउन्सिलबाट जारी भई म्याद कायम रहेको विशेषज्ञताको प्रमाणपत्रको स्क्यानप्रति/फोटो ।

(७) सरकारी समूह तर्फ आवेदन गर्ने उम्मेदवारहरूले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्रदान गरिएको अध्ययन अनुमति पत्र/पूर्वस्वीकृति पत्रको स्क्यानप्रति/फोटो ।

(८) सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले अनुभव र दुर्गम क्षेत्रमा काम गरेको प्रमाणित कागजात (आवेदन फाराम भर्ने अन्तिम मितिसम्म एक वर्ष सेवा अवधि पूरा भएको) को स्क्यानप्रति/फोटो ।

(९) नेपाल सरकारबाट छात्रवृत्ति वा निःशुल्क अध्ययनको अवसर प्राप्त गरी स्नातकोत्तर तह पुरा गरेका उम्मेदवारको हकमा कबुलियतनामामा तोकिएबमोजिमको सेवाशर्त पुरा गरेको प्रमाणित कागजातको स्क्यानप्रति/फोटो ।

(१०) उम्मेदवारको फोटो, प्रमाणपत्र तथा कागजातको स्क्यानप्रति/फोटोको साइज र गुणस्तर देहायबमोजिम हुनुपर्नेछ ।

आवेदकको फोटो **(photo)**

(क) **Image file format:** The image must be in the Joint Photographic Experts Group (JPEG) format with good quality.
(ख) **Image file size:** The maximum image file size is 200KB (kilobytes).
(ग) **Image resolution:** Should NOT be crispy or blurry.

**प्रमाणपत्र (certificate) वा अन्य कागजात (document) को स्क्यानप्रति/फोटो**

(क) **File format:** JPEG वा PDF
(ख) **File size:** The maximum file size is 200KB for JPEG and 500KB for PDF.
(ग) **Resolution:** Should NOT be crispy or blurry.

**८. अनलाइन आवेदन फाराम भर्नका लागि प्रोफाइल तयार पार्ने र आवेदन फाराम पेश गर्ने तरिका:**

अघिल्लो वर्ष सञ्चालित एकीकृत प्रवेश परीक्षामा आवेदन भरेका उम्मेदवारहरूले प्रोफाइल रजिस्टर गर्दा राखेको User ID र Password प्रयोग गरी सोही प्रोफाइलमार्फत आफ्ना विवरणहरू अद्यावधिक गरी तथा नयाँ उम्मेदवारहरूले तपसिलबमोजिम Account तथा प्रोफाइल तयार पारी देहायका प्रक्रिया अनुसार आवेदन दिनुपर्नेछ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

<u>तपसिल</u>

उम्मेदवारले सर्वप्रथम आफ्नो इमेल आइडी र मोबाइल नम्बरसहितका विवरण राखी प्रोफाइल बनाउनु पर्नेछ र यो प्रोफाइल चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षा दिनका लागि सधैंलाई प्रयोग हुनेछ ।

(१) Account तथा प्रोफाइल तयार पार्ने प्रक्रिया:

(क) आवेदन फाराम भर्नका लागि सर्वप्रथम चिकित्सा शिक्षा आयोगको वेबसाइट https://mec.gov.np मा प्रवेश गरी सबैभन्दा माथिपट्टी रहेको Online Application लेखिएको स्थानमा क्लिक गर्नुपर्दछ । त्यसपछि खुल्ने पेजको दायाँपट्टी रहेको Login बटनमा क्लिक गरी खुल्ने रजिस्टर पेजमा Don't have an account ? Register here लिङ्कमा क्लिक गर्नुपर्दछ ।

अथवा,

वेबब्राउजरमा https://entrance.mec.gov.np टाइप गरी Browse पश्चात login बटनमा क्लिक गरी Don't have an account ? Register here लिङ्कमा क्लिक गर्नुपर्दछ ।

(ख) यसपछि खुल्ने पेजमा नेपाली आवेदकको हकमा Nationality मा Nepalese र विदेशी आवेदकको हकमा Foreign मा क्लिक गरी आफ्नो Full Name, Email, Contact Number, Password, Confirm Password भरेर Register बटनमा क्लिक गरी आफ्नो युजर बनाउनु पर्नेछ ।

(ग) आफूले उल्लेख गरेको इमेल ठेगानामा इमेल आइडी भेरिफिकेसन (verification) का लागि इमेल आउनेछ । आफ्नो इमेल आइडी login गरी Click here to verify लिङ्कमा क्लिक गरेपछि प्रोफाइल रजिस्टर गर्दा राखेको इमेललाई User Name को बक्समा र पासवर्डलाई Password बक्समा राखेर login बटनमा क्लिक गर्नुपर्नेछ ।

(घ) पहिलो पटक आफ्नो प्रोफाइल login गर्दा अनलाइन आवेदन फाराम भर्ने प्रणालीमा आफ्नो इमेल भेरिफिकेसन (email verification) नभएको भए Please verify your email to continue भन्ने सन्देश देखिनेछ र दर्ता गरिएको इमेल ठेगानामा प्राप्त भएको इमेल सन्देशको लिङ्कमा क्लिक गरी इमेल आइडी भेरिफिकेसन गर्नुपर्नेछ । यदि रजिस्टर गरेको इमेल आइडीमा भेरिफिकेसन सन्देश नआएको खण्डमा आफ्नो आवेदन फाराम भर्ने प्रोफाइलमा login गरी Please verify your email to continue भन्ने सन्देशसँगै रहेको रिसेण्ड (Resend) बटनमा क्लिक गरी इमेल आइडीमा गई माथिको प्रक्रिया अनुसार आफ्नो इमेल आइडी भेरिफाइ गर्नुपर्नेछ ।

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(ङ) इमेल आइडी भेरिफाइ भईसकेपछि चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको अनलाइन प्रणालीमा पुनः login गरेर ड्यासबोर्ड (dashboard) मा क्लिक गर्नुपर्नेछ ।

(च) पहिलो पटक प्रोफाइल तयार गर्दा निर्धारित शुल्क भुक्तानी गरेपछिमात्र अन्य विवरण भर्न सकिने भएकाले शुल्क भुक्तानीका लागि Make Payment बटनमा क्लिक गर्नुपर्नेछ ।

(छ) यसपछि सूचनामा उल्लेख भएका सबै शैक्षिक कार्यक्रमहरूको सूची देखापर्छ । न्यूनतम योग्यता पुगेका शैक्षिक कार्यक्रमहरूको शुरूमा रहेको चेकबक्समा क्लिक गरी आफूले फाराम भर्न चाहेका कार्यक्रमहरू छनौट गर्नुपर्नेछ । कार्यक्रमगत रूपमा भुक्तानी गर्नुपर्ने जम्मा रकम आफूले छनौट गरेको शैक्षिक कार्यक्रमको तलतिर देखिने छ । आफूले भुक्तानी गर्न चाहेको भुक्तानीको माध्यमको बटनमा क्लिक गरी शुल्क भुक्तानी गर्नुपर्नेछ । बैङ्कको शाखामा नगदै जम्मा गर्ने उम्मेदवारले प्रत्येक शैक्षिक कार्यक्रमको दाहिने पट्टी रहेको Update counter payment voucher बटनमा क्लिक गरी भौचर नम्बरको अन्तिम छ वटा डिजिट र बैङ्क भौचरमा उल्लेख गरेको मोबाइल नम्बर राखी Submit बटन क्लिक गर्नुपर्नेछ ।

(ज) शुल्क भुक्तानी गरिसकेपछि Dashboard मा रहेको Start Registration मेनुमा क्लिक गरेर आफ्नो व्यक्तिगत विवरण र सोसँग सम्बन्धित कागजातहरू संलग्न गरी Save and continue बटनमा क्लिक गर्नुपर्नेछ ।

(झ) Qualifications खण्डमा शैक्षिक विवरण र सोसँग सम्बन्धित कागजातहरू राखी Save and continue बटनमा क्लिक गरी सुरक्षित गर्नुपर्नेछ ।

(ञ) प्रोफाइलको Professional Council खण्डमा रहेको Add New बटनमा क्लिक गरी आफ्नो काउन्सिल रजिस्ट्रेसनको कागजात सहित विवरणहरू उल्लेख गरी काउन्सिल रजिस्ट्रेसनको विवरण सुरक्षित गर्नुपर्नेछ (आवश्यक पर्नेको हकमा मात्र) ।

(ट) Experience खण्डका आवश्यक विवरणहरू भर्नुपर्नेछ ।

(ठ) आफ्नो प्रोफाइल तयार भईसकेपछि फाराम पेश (Submit) नगरेसम्म विवरण तथा कागजातहरू थप गर्न वा सच्याउन सकिनेछ ।

(ड) सबै विवरणहरू भरी कागजात अपलोड गरिसकेपछि आफूले भरेका प्रत्येक कार्यक्रमका फाराम पेश (submit) गर्नुपर्नेछ । फाराम पेश (submit) नगरेसम्म फाराम बुझाएको मानिने छैन ।

(२) आवेदन फाराम पेश गर्ने प्रक्रियाः

(क) आवेदन पेश गर्नका लागि Dashboard मेनुमा रहेको Submit Program Application मा क्लिक गरी आवेदन दिन चाहेको शैक्षिक कार्यक्रममा रहेको Apply मा क्लिक गरेर सबै

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

विवरण रुजु गरी आफूले आवेदन दिन चाहेको आरक्षण समूह (Reservation) मा अनिवार्य Tick लगाएर अन्त्यमा रहेको Save and Submit Application मा क्लिक गर्नु पर्नेछ ।

(ख) आफ्नो फाराम पेश भएपश्चात् त्यसको जानकारी प्रोफाइलमा देखापर्छ । कुनै विवरण नमिलेको भए error म्यासेज देखापर्नेछ र आफ्नो विवरण पुनः रुजु गरी माथिकै प्रक्रियाबाट पुनः फाराम पेश गर्नुपर्नेछ ।

(ग) फाराम पेश (submit) गरिसकेपछि In Progress भनेर Status अपडेट हुन्छ यसपछि कुनैपनि विवरण सच्याउन सकिने छैन ।

(घ) Dashboard मेनुमा रहेको Submit Program Application मा क्लिक गरेपछि खुल्ने पेजमा रहेको Download Confirmation Page बाट Confirmation Page डाउनलोड गर्न सकिनेछ । Confirmation Page नदेखिएसम्म फाराम Submit भएको हुनेछैन ।

९. प्रवेश परीक्षा सञ्चालनसम्बन्धी व्यवस्था:

(१) प्रवेश परीक्षा दिन आउँदा प्रवेशपत्र र आवेदन फाराम साथ पेश गरेको परिचयपत्र (नेपाली आवेदकको हकमा सक्कल नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचय-पत्र र विदेशी आवेदकको हकमा राहदानी वा इ-आधारकार्ड) अनिवार्य रूपमा ल्याउनु पर्नेछ । उक्त कागजातहरूको फोटोकपीलाई मान्यता दिइने छैन । उल्लिखित कागजातहरू नल्याउने परीक्षार्थीलाई परीक्षामा सामेल गराइने छैन ।

(२) प्रत्येक परीक्षार्थीको आवश्यक सुरक्षा जाँच गरिने हुँदा परीक्षा शुरू हुने समयभन्दा दुई घण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्नेछ । परीक्षार्थीको आवश्यक सुरक्षा जाँच परीक्षा केन्द्रभित्र प्रवेश गर्नुभन्दा अघि र पछि पनि गर्न सकिनेछ ।

(३) परीक्षार्थीको कान तथा चश्मा पनि जाँच गर्न सकिनेछ । पावर चश्मा बाहेक अन्य कुनै खालको चश्मा साथै हेयरिङ एडसमेत लगाउन पाइने छैन ।

(४) परीक्षार्थीहरूले क्यालकुलेटर, पेजर, मोबाइल फोन, ब्लूटुथ, आइप्याड, ट्याबलेटका साथै अन्य कुनैपनि विद्युतीय उपकरण एवम् ब्याग, वालेट, पर्स, घडी, टिपेक्स लगायतका अन्य सामग्रीहरू परीक्षा केन्द्रमा लैजान तथा कुनैपनि गरगहनासमेत लगाउन पाइने छैन ।

(५) प्रवेश परीक्षा शुरु भएको १५ मिनेटपछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।

(६) निर्धारित तीन घण्टा समय समाप्त भएपछि मात्र परीक्षार्थीलाई परीक्षा हलबाट बाहिर जान दिइनेछ ।

(७) नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएमा वा दिने प्रयास गरेको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गरी कानुनी कारबाही गरिनेछ ।

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(८) परीक्षाको मर्यादा विपरीत कार्य गर्ने गराउने व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही गरिनेछ ।

**१०. परीक्षा केन्द्रः**

त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थान, सूचना तथा सञ्चार प्रविधि केन्द्र (ICTC), पुल्चोक, ललितपुर ।

**११. प्रवेश पत्रः**

आवेदन फाराम स्वीकृत भएका उम्मेदवारहरूले आफ्नो प्रोफाइल मार्फत निम्न प्रक्रिया पूरा गरी प्रवेश परीक्षा हुने दिनभन्दा पाँच दिन अघिबाट प्रवेश पत्र प्राप्त गर्न सकिनेछः

(क) आयोगको अनलाइन दरखास्त प्रणाली https://entrance.mec.gov.np/ मा Browse गरी आफ्नो प्रोफाइल लगइन (Profile login) गर्ने,

(ख) **Application** menu मा क्लिक गर्ने,

(ग) **MECEE-DM/MCh 2024** को **View details** बटनमा क्लिक गर्ने,

(घ) आफूले फाराम भरेको Program को **Download Admit Card** बटनमा क्लिक गरी प्रवेश पत्र डाउनलोड गर्ने,

(ङ) डाउनलोड भएको प्रवेश पत्रलाई कलरमा प्रिन्ट गर्ने ।

**१२. नतिजा प्रकाशन, म्याचिङ तथा भर्ना प्रक्रियाः**

(क) प्रवेश परीक्षाको नतिजा सरकारी, खुला तथा विदेशी समूहको अलग अलग योग्यताक्रम कायम गरी प्रकाशित गरिनेछ ।

(ख) म्याचिङसम्बन्धी सूचना प्रवेश परीक्षाको नतिजा पश्चात् प्रकाशन गरिनेछ ।

(ग) विदेशी विद्यार्थीहरूको लागि छुट्याइएको सिटमा सो समूहको प्रवेश परीक्षाको योग्यताक्रममा रहेका उम्मेदवारहरूको लागि शिक्षण संस्था र शैक्षिक कार्यक्रमको छनौट गर्न Biometric Verification सहित भौतिक उपस्थितिमा Open House Matching गरिनेछ ।

(घ) उपलव्ध सिटहरूमा प्रवेश परीक्षाको समूहगत योग्यताक्रमका आधारमा उम्मेदवारको रोजाई बमोजिम भौतिक उपस्थिति (Open House Matching) मा हुने म्याचिङमार्फत शिक्षण संस्था र शैक्षिक कार्यक्रममा म्याचिङ गरिनेछ ।

(ङ) सरकारी र विदेशी समूहको म्याचिङ पहिला गरिनेछ । यी समूहका लागि छुट्याइएका सिटहरूको म्याचिङ पश्चात् बाँकी रहेका सिटहरूलाई खुलातर्फका सिटमा परिणत गरिनेछ । सरकारी समूहका उम्मेदवारहरूको म्याचिङ पहिला गरी बाँकी रहेका सिटहरूलाई खुलातर्फ परिणत गरेर एकै दिन सरकारी र खुला समूहको म्याचिङ गर्न सकिनेछ ।

०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(च) पूर्व स्वीकृति पत्र आवश्यक पर्ने उम्मेदवारको हकमा आवेदन फाराम भर्दा पेश गरेको पूर्व स्वीकृति पत्रमा उल्लेख भएको विषयमा मात्र म्याचिङ गरिने छ ।

(छ) प्रवेश परीक्षाको नतिजामा जुन समूहको योग्यताक्रममा रहेको छ सोही समूहका लागि छुट्याइएको सिटमामात्र म्याचिङमा सहभागी हुन पाइनेछ ।

(ज) म्याचिङ भई छनौट भएका उम्मेदवारले भर्नाका लागि विश्वविद्यालय/प्रतिष्ठान/बोर्डले तोकेबमोजिम सक्कलै प्रमाणपत्र/कागजात र सोको फोटोकपी पेश गर्नुपर्नेछ ।

(झ) कुनै उम्मेदवारले प्रवेश परीक्षा र भर्ना प्रक्रियामा झुठा विवरण पेश गरी भर्ना भएको रहेछ भने कुनै पनि समयमा भर्ना खारेज हुन सक्नेछ ।

१३. कबुलियतनामाः

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १८ को उपदफा (३) मा भएको व्यवस्था अनुसार सरकारी शिक्षण संस्थामा सञ्चालन हुने चिकित्सा शिक्षा स्नातकोत्तर तह नेपाली विद्यार्थीका लागि निःशुल्क हुने व्यवस्था भएको हुनाले सरकारी शैक्षिक संस्थामा मनोनयन हुने नेपाली विद्यार्थीले भर्नाका बखत राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसमेत) को अनुसूची - ६ बमोजिमको कबुलियतनामा गर्नुपर्ने छ ।

१४. विविधः

(१) प्रवेश परीक्षामा सम्मिलित हुन आवेदन दिनका लागि बनाइएको परीक्षार्थीको व्यक्तिगत प्रोफाइलमा पटकपटक login गरी उपयोग गर्नुपर्ने भएको हुनाले login गर्ने पासवर्ड गोप्य र सुरक्षितसाथ राख्नु पर्नेछ ।

(२) आवेदकले आफ्नो प्रोफाइलबाट परीक्षा आवेदन कन्फर्मेसन पेज, परीक्षा प्रवेशपत्र, स्कोरकार्ड, भर्ना कार्ड लगायतका विवरणहरू प्रोफाइलको सम्बन्धित डाउनलोड बटनमा क्लिक गरी सुरक्षित राख्नुपर्ने हुन्छ ।

(३) परीक्षा निर्देशनालयमा निवेदन वा पत्राचार वा इमेल आदानप्रदान गर्दा परीक्षा रोल नम्बर कायम नहुँदासम्म कार्यक्रम, नाम, मोबाइल नम्बर, भौचर नम्बर र परीक्षा रोल नम्बर कायम भएपछि रोल नम्बर लगायतका परीक्षार्थी पहिचानका व्यक्तिगत विवरणहरू अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ । एकै व्यक्तिले पटक पटक इमेल गर्नु परेमा पहिलाकै इमेल थ्रेडमा रिप्लाइ वा फर्वार्ड गरी लेख्नु पर्नेछ । यस प्रवेश परीक्षासँग सम्बन्धित अत्यावश्यक विषयमा इमेलमार्फत पत्राचार गर्दा निर्देशनालयको इमेल ठेगाना entrance@mec.gov.np मा गर्नुपर्नेछ ।

(४) देहायको क्युआर कोड स्क्यान गरेर परीक्षा आवेदन फाराम भर्नका लागि आयोगले सञ्चालनमा ल्याएको वेबपोर्टल र पाठ्यक्रम (syllabus) को पेजमा जान सकिनेछ ।

नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

## (परीक्षा निर्देशनालय)


☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।


पत्र संख्या :-

चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

फाराम भर्ने पोर्टल

पाठ्यक्रमको पोर्टल

द्रष्टव्य:

(क) आयोगबाट तोकिएको म्यादभित्र पेश नभएको वा योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको ढाँचा अनुसार नभएको दरखास्त स्वीकृत गरिने छैन ।

(ख) दरखास्तसाथ संलग्न प्रमाणपत्र तथा कागजातहरू दरखास्त दिने अन्तिम मितिभित्र पेस गरेको हुनुपर्नेछ ।

(ग) परीक्षा रोल नम्बर र प्रश्नपत्रको सेट सही रूपमा बबल नगरिएका उत्तरपुस्तिका रद्द गरिनेछ ।

(घ) आवेदन फाराम भर्दा कुनै समस्या आइपरेमा आयोगको टेलिफोन नम्बर ०१-६६३९४१३ मा कार्यालय समयभित्र सम्पर्क गरी आवश्यक सहयोग लिन सकिनेछ ।

(ङ) परीक्षार्थीले प्रवेश पत्रमा उल्लेख भएका सम्पूर्ण विवरणहरू अध्ययन गरी पालना गर्नु पर्नेछ ।

(च) अनलाइन फाराम र प्रवेश परीक्षा शुल्क तिरेको भौचरमा परीक्षार्थी स्वयमको एउटै मोबाइल नम्बर उल्लेख गरेको हुनुपर्नेछ ।

(छ) सूचनालाई अध्ययन गरेर मात्र आवेदन फाराम भर्नुपर्नेछ ।

(ज) एकभन्दा बढी पाना भएका प्रमाणपत्र वा कागजातको हकमा सबै पानाको विवरण आउने गरी सक्कल कागजातबाटै फोटो खिची वा स्क्यान गरी एउटै पिडिएफ बनाई अपलोड गर्नुपर्नेछ ।

(झ) एकभन्दा बढी कार्यक्रमका लागि आवेदन दिने उम्मेदवारले परीक्षा तालिकाबमोजिम परीक्षा नजुध्ने गरी फाराम भर्न सकिनेछ ।

(ञ) बुझाई सकेको आवेदन शुल्क फिर्ता हुने छैन ।

(ट) एकभन्दा बढी शैक्षिक कार्यक्रमका लागि आवेदन फाराम भर्ने उम्मेदवारहरूले सबै कार्यक्रमहरूमा एउटै व्यक्तिगत विवरण, हस्ताक्षर, मोबाइल नम्बर र फोटो पेश गर्नुपर्नेछ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

(ठ) कुनै उम्मेदवार कुनै एक शैक्षिक कार्यक्रममा म्याच भई भर्ना भइसके पश्चात् अन्य सबै कार्यक्रमको म्याचिङ प्रक्रियाबाट हटाइनेछ ।

(ड) सरकारी र खुला समूहमध्ये कुनै एक समूहमा मात्र आवेदन गर्नुपर्नेछ ।

(ढ) एकीकृत प्रवेश परीक्षाको पाठ्यक्रम (Syllabus) आयोगको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।

(ण) दरखास्त फारामको महलहरूमा उल्लेख भएबमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ ।

(त) दरखास्तमा उल्लेख गरेको विवरणको सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनुपर्नेछ ।

(थ) आयोगबाट सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा, म्याचिङ, भर्ना लगायतका विषयहरूमा थप जानकारी लिनको लागि आयोगको वेबसाइट https://mec.gov.np मा प्रवेश गरी राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित), चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि (पहिलो संशोधन) ,२०७९ लगायतका कानुनी दस्तावेजहरू र आयोगबाट प्रकाशित सूचनाहरू अध्ययन गर्नुका साथै विभिन्न जानकारीमूलक भिडियोहरूसमेत हेर्नुहुन अनुरोध छ ।

२०८१।२।२९
धनबहादुर श्रेष्ठ
उपसचिव